| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kathmandu International Incorporate Pvt. Ltd.
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : Raju Nepal 9851009805, Email : kiimanpowernepal@gmail.com
श्रम ईजाजत नं. ४४१/०६०/६१

## धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल जेठ महिना ११ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय कुलेश्वरबाट तपशिलमा उल्लेखित ऋणीले व्यवसायिक आवधिक तथा अधिविकर्ष कर्जा, डिमाण्ड लोन र सहुलियत कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावां ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **शिव ज्योती फिड एण्ड एग्रो प्रा.लि.** अख्तियार प्राप्त व्यक्तिको नाम : धन बहादुर तामाङ्ग
दर्ता नं. : १२५३०१/०७१/०७२
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं दर्ता मिति : २०७१/०४/२२
रष्जिटर्ड ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १७ स्थायी लेखा नं. : ६०२४०४००८

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१. सिंह विर तामाङ्गको नाति कर्ण बहादुर तामाङ्गको छोरा ओखलढुङ्गा जिल्ला कुन्तादेवी गा.वि.स. वडा नं. ४ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १० बस्ने **धन बहादुर तामाङ्ग** (ना.प्र.नं : ७१६६/१८४२, जारी मिति र जिल्ला : २०५२/०१/१३, ओखलढुङ्गा)

२. गज विर सौमे मगरको नाति हिरासिह थापा (सोमै) मगरको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १६ हाल, वडा नं. १७ बस्ने **सोम थापा मगर** (ना.प्र.नं : १४२५९, जारी मिति र जिल्ला : २०५७/०२/३२, काठमाडौं)

३. नरेन्द्र तामाङ्गको छोरी कर्ण बहादुर तामाङ्गको बुहारी धन बहादुर तामाङ्गको पत्नी ओखलढुङ्गा जिल्ला कुन्तादेवी गा.वि.स. वडा नं. ४ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १० बस्ने **संगीता तामाङ्ग** (ना.प्र.नं : १९५८, जारी मिति र जिल्ला : २०५३/०३/१६, ओखलढुङ्गा)

४. स्व. योगेन्द्र बहादुर श्रेष्ठको छोरी हिरासिह थापा (सोमै) मगरको बुहारी सोम थापा मगरको पत्नी काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १६ हाल, वडा नं. १७ बस्ने **मोनिका श्रेष्ठ** (ना.प्र.नं : १३७२५, जारी मिति र जिल्ला : २०५७/०२/२३, काठमाडौं)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
१) मिति २०८१ साल असार महिना १३ गतेको सौर्य दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०८१ साल असोज महिना ११ गतेको राजधानी दैनिक राष्ट्रिय पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने
३) मिति २०८१ साल माघ महिना २१ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने
४) मिति २०८१ साल फागुन महिना ९ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कि.नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| शिव ज्योती फिड एण्ड एग्रो प्रा.लि. | धादिङ्ग जिल्ला केवलपुर वडा नं. ९ | ९ क | १२१ | १,९२५.५९ |
| | | | ६४१ | १,७८०.५४ |
| | | | १२२ | २,३३६.९७ |
| | | | ६६५ | ९८५.५९ |
| | | | ५६८ | १,२७१.८० |
| | | | ४०९ | ९९१.५६ |
| | | | ६१० | २,७१६.५७ |
| | | | ६४२ | ९३५.९३ |
| धन बहादुर तमाङ्ग | धादिङ्ग जिल्ला केवलपुर वडा नं. ९ | ९ क | ६१७ | ५९४.१९ |
| | | | २७७ | १,१४४.६७ |
| | | | ११९ | ५२४.६४ |
| | | | ६१६ | ५९४.१९ |
| | | | ३५६ | ८८०.३० |
| | | | २७८ | १,१६०.५४ |
| | | | ६१८ | ५९४.१९ |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८३ साल जेठ महिना १७ गते आइतबार भित्र यस बैकको शाखा कार्यालय कुलेश्वर आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल जेठ महिना १८ गते सोमबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय कुलेश्वरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### रानीसैनको सीमा विवाद तत्काल सल्टाऊ

बाजुरा र हुम्ला जिल्लाको सीमावर्ती क्षेत्र रानीसैनमा जेठ २ गते भएको झडप र त्यसपछिको राजनीतिक तथा सामाजिक ध्रुवीकरणले नेपालको आन्तरिक सीमा व्यवस्थापनमा रहेको गम्भीर कमजोरीलाई पुनः सतहमा ल्याइदिएको छ । एउटै देशका दुई जिल्लाका नागरिकहरू सीमाकै विषयलाई लिएर एकापसमा कुटपिटमा उत्रिनु र स्थानीय प्रशासनले घटनालाई गुमराहमा राख्न खोज्नु अत्यन्तै चिन्ताजनक विषय हो । झडप भएको लामो समयपछिमात्रै सरकारले गृह मन्त्रालय र भूमि व्यवस्था मन्त्रालयमार्फत छानबिन समितिहरू गठन गर्नुले राज्यको उदासीनता र ढिलासुस्तीलाई उदांगो पारेको छ ।

रानीसैन क्षेत्रको विवाद नयाँ भने होइन । बाजुरा र हुम्ला दुवै पक्षले यस क्षेत्रलाई आफ्नो भूभाग दाबी गर्दै आएका छन् । बाजुरा पक्षले २०५७ सालको 'फिल्ड भेरिफिकेसन' र नापी विभागको नक्सांकनलाई बलियो प्रमाणका रूपमा प्रस्तुत गरेको छ भने हुम्ला पक्षले परापूर्वकालदेखिको भोगचलनलाई आफ्नो मुख्य आधार बनाएको छ । ऐतिहासिक प्रमाण र प्राविधिक नक्सांकनका आधारमा तत्कालै सुल्झाउन सकिने यस्ता संवेदनशील मुद्दाहरूलाई समयमै सम्बोधन नगर्दा आज नागरिक–नागरिकबीच द्वन्द्व चर्किएको छ । अझ, धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमालको टोली कार्यस्थलमा नपुग्दासम्म प्रहरी प्रशासनले घटनालाई लुकाउन खोजिएको विषय झन् गम्भीर छ ।

यतिबेला गृह मन्त्रालयले प्रहरी वरिष्ठ उपरीक्षक (एसपी) को नेतृत्वमा र भूमि व्यवस्था मन्त्रालयले नापी विभागका उपमहानिर्देशक सुशिल डंगोलको संयोजकत्वमा समितिहरू गठन गरेको छ । सरकारको यो कदम सकारात्मक भए पनि ढिलो गरी चालिएको कदम हो । अब यी समितिहरू केवल औपचारिकता र समय कटाउने माध्यममात्र बन्नु हुँदैन । समितिहरूलाई तत्काल कार्यस्थलमा खटाएर निष्पक्ष छानबिन प्रतिवेदन ल्याउनु र त्यसलाई कार्यान्वयन गर्नु सरकारको पहिलो दायित्व हो ।

यो विवाद केवल नक्साको रेखामामात्र सीमित छैन, यसले स्थानीय जनजीवन र अर्थतन्त्रलाई समेत ठूलो धक्का पुऱ्याएको छ । बाजुराको हिमाली युवा क्लबले दोषीलाई कारबाही र क्षतिपूर्तिको माग राख्दै कर्णाली राजमार्ग (करिडोर) अनिश्चितकालका लागि बन्द गरेको छ, जसका कारण सिंगो कर्णाली क्षेत्रको यातायात र आपूर्ति व्यवस्था अस्तव्यस्त बनेको छ । अर्कोतर्फ, हुम्ला पक्षले अस्थायी प्रहरी चौकी निर्माण रोक्न माग गरिरहेको छ । यस्तो संवेदनशील र गतिरोधपूर्ण अवस्थामा संघीय सरकार मूकदर्शक बनेर बस्न मिल्दैन।

सरकारले दुवै जिल्लाका स्थानीय जनप्रतिनिधि, राजनीतिक दल, र नागरिक समाजलाई एउटै टेबलमा राखेर संवादको वातावरण निर्माण गर्नुपर्छ । नापी विभागको प्राविधिक टोलीले ढिलाइ नगरी वैज्ञानिक र कानुनी तथ्यका आधारमा सीमांकनको टुंगो लगाउनुपर्छ । शान्ति सुरक्षा सुदृढ गर्न दुवै पक्षलाई मान्य हुनेगरी तत्काल सुरक्षा उपस्थिति बढाउनु आवश्यक छ ।

अतः सरकारले गठन गरेका छानबिन समितिहरूले विनाकुनै राजनीतिक दबाब, द्रुत गतिमा काम गरी प्रतिवेदन पेस गर्नुपर्छ । राज्यले आफ्नो आन्तरिक सीमा विवादलाई अनिर्णयको बन्दी बनाइराख्नु हुन्न । रानीसैन घटनाको छिटोभन्दा छिटो छानबिन गरी, दोषीलाई कानुनी कठघरामा उभ्याउँदै, स्थायीरूपमा विवाद समाधान गर्न सरकारले उच्च तत्परता देखाओस् । अन्यथा, यस्ता आन्तरिक विवादले भोलि थप उग्र रूप लिने र सामाजिक सद्भाव बिग्रने निश्चित छ ।

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरू

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

#### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# वैदेशिक रोजगारी: रहर होइन, बाध्यताको कठोर यथार्थ



❑ सरोज चौलागाई

> "आजको आवश्यकता सस्तो लोकप्रिय नाराको होइन, व्यावहारिक सुधारको हो । श्रमिकको सम्मान, सुरक्षित वैदेशिक रोजगारी, पारदर्शी प्रणाली, दक्ष जनशक्ति विकास र जिम्मेवार राज्य संयन्त्र निर्माण नै अबको प्राथमिकता हुनुपर्छ । विदेसिने युवालाई दोष दिने होइन, उनीहरूको श्रम र योगदानको सम्मान गर्नुपर्छ । किनकि उनीहरूले केवल आफ्नो परिवारमात्र होइन, देशको अर्थतन्त्र पनि धानेका छन् ।

आजको विश्व तीव्ररूपमा परिवर्तन भइरहेको छ । विज्ञान, प्रविधि, शिक्षा, व्यापार र अन्तर्राष्ट्रिय सम्बन्धले संसारलाई नजिक ल्याएको छ । मानिसहरू अवसर, रोजगारी, शिक्षा र सुरक्षित भविष्यको खोजीमा देश-देशान्तर पुगिरहेका छन् । तर दक्षिण एसियाका धेरै मुलुकहरूको सन्दर्भमा वैदेशिक रोजगारी केवल अवसरको खोजीमात्र होइन, जीवन धान्ने बाध्यता बनेको यथार्थ पनि हो । विशेषगरी नेपालजस्ता विकासोन्मुख मुलुकमा लाखौं युवाहरू आफ्नै देशमा सम्मानजनक रोजगारी नपाएर विदेसिन बाध्य भइरहेका छन् । उनीहरू आफ्नो परिवारको भविष्य सुरक्षित बनाउन, घरको आर्थिक अवस्था सुधार गर्न, छोराछोरीको शिक्षा चलाउन, ऋण तिर्न र आधारभूत आवश्यकता पूरा गर्न परदेशको कठिन बाटो रोजिरहेका छन् ।

नेपालमामात्रै होइन, भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका, भुटान र माल्दिभ्सजस्ता दक्षिण एसियाली मुलुकहरूमा पनि वैदेशिक रोजगारी राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधार बनेको छ । यी देशहरूबाट हरेक वर्ष लाखौं नागरिक खाडी मुलुक, मलेसिया, कोरिया, जापान, युरोप तथा अन्य विकसित राष्ट्रहरूमा श्रम गर्न गइरहेका छन् । उनीहरूको पसिना र श्रमबाट आउने विप्रेषणले परिवारमात्र होइन, राष्ट्रिय अर्थतन्त्र पनि धानिरहेको छ । गाउँघरमा बनेका धेरै घर, सञ्चालन भएका व्यवसाय, पढिरहेका विद्यार्थी र उपचार गराइरहेका बिरामीहरूको जीवन वैदेशिक रोजगारीबाट आएको पैसामाथि टिकेको छ ।

नेपालको ग्रामीण समाजलाई नजिकबाट हेर्ने हो भने आज अधिकांश परिवार प्रत्यक्ष वा अप्रत्यक्षरूपमा वैदेशिक रोजगारीसँग जोडिएका छन् । कुनै घरको छोरा कतारमा छ, कसैको श्रीमान् साउदी अरबमा, कसैको दाइ मलेसियामा, कसैको भाइ दुबईमा । विदेश गएका ती युवाहरूको कमाइले घर चलिरहेको छ । खेतबारी बाँझो भए पनि विदेशबाट आएको पैसाले बजारमा चहलपहल कायम छ । बैंकमा बचत बढेको छ । घरमा टिनको छाना फेरिएको छ । छोराछोरी निजी विद्यालयमा पढिरहेका छन् । गाउँमा मोटरसाइकल, मोबाइल र आधुनिक जीवनशैली पुगेको छ । तर यसको पछाडि लुकेको पीडा, संघर्ष र जोखिमलाई भने धेरैले बुझ्न चाहँदैनन् ।

वैदेशिक रोजगारीको विषयमा बहस गर्दा धेरैजसो मानिसहरू भावनात्मकरूपमा बोल्ने गर्छन् । विदेश जान पैसा किन लाग्ने ?, सबै कामदारलाई निःशुल्क पठाउनुपर्छ, १० हजार रूपैयाँमै विदेश जान पाउनुपर्छ भन्नेजस्ता नाराहरू सुनिन्छन् । सुन्दा यी कुरा आकर्षक लाग्छन् । जनताले पनि सहजरूपमा समर्थन गर्छन् । तर व्यावहारिकरूपमा वैदेशिक रोजगारीको सम्पूर्ण संरचना, प्रक्रिया र अन्तर्राष्ट्रिय श्रमबजारको वास्तविकता बुझेर हेर्दा अवस्था यति सरल छैन ।

विश्वका अधिकांश श्रम गन्तव्य देशहरूमा कामदार पठाउने प्रक्रियामा विभिन्न प्रकारका खर्चहरू जोडिएका हुन्छन् । रोजगारदाता कम्पनीले तलब, आवास, खानपिन वा टिकटको व्यवस्था गरे पनि अन्य धेरै प्रक्रियागत खर्च भने कामदार वा पठाउने संस्थाले व्यवस्थापन गर्नुपर्ने अवस्था रहन्छ । उदाहरणका लागि स्वास्थ्य परीक्षण, बिमा, प्रहरी प्रतिवेदन, राहदानी, श्रम स्वीकृति, कागजात प्रमाणीकरण, दूतावास प्रक्रिया, जैविक विवरण दर्ता, अभिमुखीकरण तालिम, अन्तर्राष्ट्रिय समन्वय, कार्यालय सञ्चालन, कर्मचारी व्यवस्थापन, सूचना प्रविधि, कानुनी परामर्शलगायतका धेरै पक्षमा खर्च लाग्ने गर्छ ।

दक्षिण एसियाका अन्य मुलुकहरूलाई हेर्ने हो भने त्यहाँ पनि वैदेशिक रोजगारी पूर्णरूपमा निःशुल्क छैन । बंगलादेशका धेरै कामदारहरूले विदेश जान लाखौं रूपैयाँसम्म खर्च गर्ने गरेका छन् । पाकिस्तानमा पनि विभिन्न गन्तव्य र कम्पनीअनुसार उल्लेखनीय रकम खर्च हुने प्रचलन कायम छ । भारतमा क्षेत्र, कम्पनी र रोजगारीको प्रकृतिअनुसार लागत फरक-फरक हुन्छ । श्रीलंकामा प्रक्रिया व्यवस्थित भए पनि तालिम, कागजात, अभिमुखीकरण र प्रशासनिक खर्च जोडिन्छ । भुटान र माल्दिभ्सजस्ता साना राष्ट्रहरूमासमेत वैदेशिक श्रम व्यवस्थापन पूर्णरूपमा शून्य लागतमा सञ्चालन भइरहेको अवस्था छैन ।

नेपालमा भने वैदेशिक रोजगारीको विषयलाई धेरैजसो राजनीतिक भाषण, सामाजिक सञ्जालको प्रचार र लोकप्रिय नाराको माध्यमबाट मात्र हेर्ने प्रवृत्ति बढेको छ । वास्तविकता र व्यावहारिक पक्षलाई बेवास्ता गरेर केवल भावनात्मक बहस गर्ने परिपाटीले समस्या समाधानभन्दा भ्रम बढी सिर्जना गरिरहेको छ । एउटा अन्तर्राष्ट्रिय हवाई टिकटको मूल्य नै कहिलेकाहीँ ७० हजारदेखि एक लाख रूपैयाँसम्म पुग्ने अवस्था छ । त्यसबाहेक स्वास्थ्य परीक्षण, बिमा, प्रहरी प्रतिवेदन, दूतावास प्रक्रिया, श्रम स्वीकृति, कार्यालय खर्च र अन्य व्यवस्थापन खर्च निरन्तर बढिरहेका छन् । यस्तो अवस्थामा '१० हजार रूपैयाँमै विदेश पठाउनुपर्छ' भन्ने नारा व्यवहारमा लागू गर्न निकै कठिन देखिन्छ ।

यसको अर्थ कामदारमाथि जति पनि शुल्क लिन पाइन्छ भन्ने होइन । श्रमिकमाथि ठगी हुनु हुँदैन । गैरकानुनीरूपमा पैसा असुल्ने, झूटा आश्वासन दिने, नक्कली भिसा देखाउने, फरक काममा पठाउने वा मानव बेचबिखनजस्ता अपराधमा संलग्न व्यक्ति तथा संस्थामाथि कडा कारबाही हुनैपर्छ । विगतमा यस्ता धेरै घटना भएका छन्, जसका कारण हजारौं नेपाली श्रमिकले दुःख पाएका छन् । कसैले घरजग्गा बेचेर विदेश गयो, तर त्यहाँ पुगेपछि काम पाएन । कसैलाई सम्झौताभन्दा कम तलब दिइयो । कसैलाई अमानवीय व्यवहार गरियो । कतिपय त मृत्युवरण गरेर बाकसमा फर्किए । यस्ता घटनाले वैदेशिक रोजगारीको पीडादायी पक्ष उजागर गर्छ ।

तर अर्कोतर्फ कानुनी दायराभित्र रहेर इमानदारीपूर्वक काम गर्ने वैदेशिक रोजगार व्यवसायलाई पनि एउटै दृष्टिले हेर्न मिल्दैन । एउटा जिम्मेवार वैदेशिक रोजगार कम्पनीले कामदारको मागपत्र प्रमाणित गर्ने, रोजगारदातासँग सम्झौता गर्ने, श्रमिकलाई आवश्यक जानकारी दिने, कागजात तयार गर्ने, कानुनी प्रक्रिया पूरा गर्ने, अभिमुखीकरण तालिम सञ्चालन गर्ने र अन्तिम समयमा विमानस्थलसम्म सहजीकरण गर्ने काम गर्छ । यो प्रक्रिया निकै जटिल र जिम्मेवारीपूर्ण हुन्छ । कुनै गल्ती हुँदा त्यसको असर सीधै श्रमिकको जीवनमा पर्छ ।

आजको वास्तविकता के हो भने वैदेशिक रोजगारी नेपालको अर्थतन्त्रको आधार बनेको छ । विप्रेषणले देशको विदेशी मुद्रा सञ्चिति बलियो बनाएको छ । व्यापार घाटा धान्न मद्दत गरेको छ । बैंक तथा वित्तीय प्रणालीलाई चलायमान बनाएको छ । लाखौं परिवारको दैनिकी चलाएको छ । तर यसलाई दीर्घकालीन समाधानका रूपमा हेर्न भने मिल्दैन । किनकि, देशका सक्षम युवा विदेसिनु भनेको देशभित्र उत्पादनशील जनशक्ति घट्नु पनि हो । गाउँका खेतबारी बाँझो हुनु, उद्योगमा श्रमिक अभाव हुनु, कृषि उत्पादन घट्नु र सामाजिक संरचना कमजोर हुनुका पछाडि पनि यही प्रवृत्ति जोडिएको छ ।

धेरै परिवारमा बाबुआमा वृद्ध अवस्थामा एक्लिएका छन् । श्रीमान् विदेश हुँदा श्रीमतीले घरको सम्पूर्ण जिम्मेवारी एक्लै बोक्नुपरेको छ । कतिपय बालबालिका अभिभावकको मायाविना हुर्किरहेका छन् । पारिवारिक सम्बन्धमा दूरी बढेको छ । सामाजिक समस्याहरू पनि बढेका छन् । विदेशमा वर्षौं बिताउँदा पनि धेरै श्रमिकले आफ्नो जीवनस्तर अपेक्षितरूपमा सुधार गर्न सकेका छैनन् । कमाइको अधिकांश भाग ऋण तिर्न, घर खर्च चलाउन र दैनिक आवश्यकतामै सकिन्छ ।

यसैले वैदेशिक रोजगारीलाई केवल आर्थिक विषयका रूपमामात्र हेर्न हुँदैन । यो सामाजिक, मनोवैज्ञानिक, पारिवारिक र राष्ट्रिय संरचनासँग जोडिएको संवेदनशील विषय हो । सरकार, निजी क्षेत्र, श्रमिक संगठन, नागरिक समाज र सञ्चारमाध्यम सबैले जिम्मेवार भूमिका निर्वाह गर्न आवश्यक छ । सबैभन्दा पहिला सरकारले वैदेशिक रोजगारीको नीतिलाई व्यावहारिक, पारदर्शी र श्रमिकमैत्री बनाउनुपर्छ । अनावश्यक झण्झट हटाउनुपर्छ । सेवा प्रवाहलाई डिजिटल र प्रभावकारी बनाउनुपर्छ । श्रमिकले सहजरूपमा सूचना पाउने व्यवस्था गर्नुपर्छ । ठगी नियन्त्रण गर्न कडा निगरानी आवश्यक छ । विदेश जाने प्रत्येक श्रमिकलाई कानुनी प्रक्रिया, कामको प्रकृति, तलब, अधिकार र जोखिमबारे स्पष्ट जानकारी दिनुपर्छ ।

दोस्रो, सीप विकासमा विशेष ध्यान दिन आवश्यक छ । आज विश्व श्रमबजारमा दक्ष जनशक्तिको माग बढिरहेको छ । तर नेपालबाट जाने धेरै श्रमिक अदक्ष वा अर्धदक्ष श्रमिकका रूपमा जाने गरेका छन् । त्यसैले प्राविधिक शिक्षा, भाषा तालिम, व्यावसायिक प्रशिक्षण र सीप विकास कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्छ । यदि नेपाली श्रमिक दक्ष र प्रतिस्पर्धी बन्न सके भने उनीहरूले राम्रो तलब, सुरक्षित काम र सम्मानजनक अवसर प्राप्त गर्न सक्छन् ।

तेस्रो, रोजगारदाता कम्पनीहरूको जवाफदेहिता सुनिश्चित गर्नुपर्छ । विदेशमा कामदारमाथि हुने शोषण, सम्झौताविपरीत काम, तलब कटौती, पासपोर्ट नियन्त्रण र अमानवीय व्यवहार रोक्न द्विपक्षीय श्रम सम्झौताहरू प्रभावकारी बनाउन आवश्यक छ । दूतावासहरूको भूमिका पनि सशक्त हुनुपर्छ । समस्यामा परेका श्रमिकलाई तत्काल कानुनी र मानवीय सहायता उपलब्ध गराउनुपर्छ ।

चौथो, वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित, पारदर्शी र जिम्मेवार बनाउन आवश्यक छ । इमानदारीपूर्वक काम गर्ने संस्थालाई प्रोत्साहन र ठगी गर्ने संस्थालाई कडा कारबाही गर्नुपर्छ । सबै व्यवसायीलाई एउटै दृष्टिले हेर्ने प्रवृत्ति अन्त्य हुनुपर्छ । व्यवसाय सञ्चालनका लागि आवश्यक न्यूनतम आर्थिक र प्रशासनिक आधार सुनिश्चित हुनुपर्छ, अन्यथा गुणस्तरीय संस्थाहरू विस्थापित हुने खतरा रहन्छ ।

सञ्चारमाध्यमहरूको भूमिका पनि अत्यन्त महत्त्वपूर्ण छ । पत्रकारिता केवल सनसनी फैलाउने माध्यम होइन, समाजलाई सही सूचना दिने जिम्मेवार क्षेत्र हो । वैदेशिक रोजगारीका समस्या उजागर गर्नु आवश्यक छ, तर त्यससँगै सकारात्मक सुधारका प्रयास, सफल उदाहरण र व्यावहारिक समाधान पनि प्रस्तुत गर्नुपर्छ । भावनात्मक प्रचारभन्दा तथ्यमा आधारित बहस आवश्यक छ ।

आज धेरै युवाहरू विदेश जानु आफ्नो सपना नभएर परिस्थितिको बाध्यता भएको स्वीकार गर्छन् । यदि देशभित्र सम्मानजनक रोजगारी, स्थिर आय, सुरक्षित भविष्य र अवसर पाइन्थ्यो भने सायद धेरै युवा आफ्नै देशमा बस्न चाहन्थे । तर बेरोजगारी, राजनीतिक अस्थिरता, कमजोर औद्योगिक विकास र सीमित अवसरका कारण उनीहरू परदेसिन बाध्य छन् ।

देशले अब गम्भीररूपमा सोच्नुपर्ने समय आएको छ । वैदेशिक रोजगारीलाई केवल विप्रेषण कमाउने माध्यमका रूपमामात्र हेरेर पुग्दैन । दीर्घकालीनरूपमा देशभित्र रोजगारी सिर्जना गर्नुपर्छ । उद्योग, कृषि, पर्यटन, सूचना प्रविधि र उत्पादन क्षेत्रलाई बलियो बनाउनुपर्छ । युवा उद्यमशीलतालाई प्रोत्साहन गर्नुपर्छ । जबसम्म देशभित्र सम्मानजनक अवसर सिर्जना हुँदैन, तबसम्म लाखौं युवाहरू विदेसिन बाध्य भइरहने छन् ।

वैदेशिक रोजगारीको वास्तविकता कठोर छ । परदेशको चमकभित्र धेरै आँसु, पीडा र संघर्ष लुकेको हुन्छ । चर्को गर्मीमा काम गर्ने श्रमिक, परिवारबाट टाढा बसेर रातभर पसिना बगाउने युवा, घर सम्झेर एक्लै रोइरहेका कामदार र बाकसमा फर्किएका श्रमिकहरूको कथा केवल तथ्यांक होइनन्, ती देशको सामाजिक यथार्थ हुन् ।

त्यसैले आजको आवश्यकता सस्तो लोकप्रिय नाराको होइन, व्यावहारिक सुधारको हो । श्रमिकको सम्मान, सुरक्षित वैदेशिक रोजगारी, पारदर्शी प्रणाली, दक्ष जनशक्ति विकास र जिम्मेवार राज्य संयन्त्र निर्माण नै अबको प्राथमिकता हुनुपर्छ । विदेसिने युवालाई दोष दिने होइन, उनीहरूको श्रम र योगदानको सम्मान गर्नुपर्छ । किनकि उनीहरूले केवल आफ्नो परिवारमात्र होइन, देशको अर्थतन्त्र पनि धानेका छन् ।

अन्ततः वैदेशिक रोजगारी रहरभन्दा बढी बाध्यता बनेको यथार्थलाई स्वीकार गर्दै अब राज्य, समाज र निजी क्षेत्रले मिलेर सुरक्षित, व्यवस्थित र सम्मानजनक श्रम प्रणाली निर्माण गर्नुपर्छ । यही बाटोले श्रमिकको भविष्य सुरक्षित हुने छ, देशको अर्थतन्त्र बलियो हुने छ र समाजमा वास्तविक परिवर्तन सम्भव हुने छ ।

## पाठक मञ्च

### नयाँ अनुहार, पुरानै प्रवृत्ति

नेपाली राजनीतिमा 'नयाँ र वैकल्पिक शक्ति'को नारा दिएर उदाएका अनुहारहरू सम्मिलित वर्तमान सरकार गठन भएको दुई महिना व्यतीत भइसकेको छ । व्यवस्था बदल्ने र सुशासन कायम गर्ने ठूला-ठूला गफ दिएर सत्ताको बागडोर सम्हाल्न पुगेका वालेन्द्र शाह र रवि लामिछाने नेतृत्वको समीकरणले यो छोटो अवधिमा जनतालाई आशा होइन, गहिरो निराशामात्र थपेको छ । हिजो सडकमा हुँदा 'बोल्न दे सरकार' भन्दै गर्जनेहरू आज सत्ताको कुर्सीमा पुग्नेबित्तिकै वैचारिक मतभेद राखेकै भरमा वा कसैले बोलेकै भरमा थुन्ने तहमा ओर्लिएका छन् । के यही हो लोकतन्त्र र गणतन्त्रको असली रूप ?

अझ गम्भीर कुरा त के छ भने, प्रदर्शन र आन्दोलनका नाममा देशको अर्बौंको सार्वजनिक तथा निजी सम्पत्ति खरानी बनाउने र देश जलाउने तत्वहरूलाई कानुनी दायरामा ल्याउन यो सरकार पूर्णतः असफल देखिएको छ । कारण स्पष्ट छ- आफ्नै सांसदहरू कानुनी फन्दामा पर्ने डर । देश खरानी बनाएरै सदनमा छिरेका ३५ देखि ४५ जना सांसदहरूलाई जोगाउनु नै वर्तमान सत्ताको मुख्य ध्येय बनेको छ । दुईदिने हिंसात्मक घटनामा ७६ जनाले ज्यान गुमाउँदा राजनीतिक भागबण्डाका आधारमा ४५ जनालाई मात्र सहिद घोषणा गरियो । बाँकी ३२ जना नागरिकलाई कसले माऱ्यो ? तिनका परिवारले न क्षतिपूर्ति पाए, न त न्याय नै । भदौको त्यो आन्दोलनमा सरकारी र निजी क्षेत्रको गरी खर्बौंको क्षति भयो, जसको पुनर्निर्माणमा दोब्बर खर्च लाग्छ । त्यो अर्बौंको भार र घाइतेहरूको मासिक भत्ताको बोझ अन्ततः सोझा र इमानदार करदाता जनताकै थाप्लोमा बज्रिएको छ ।

यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले चुनावका बेला पाँच वर्षमा १२ लाखलाई रोजगारी दिने ठूलो दाबी गरेको थियो । गणितीय हिसाबले दुई महिनामा कम्तीमा दुई लाखले रोजगारी पाउनुपर्ने हो, तर व्यवहारमा यो अवधिमा ७० हजारभन्दा बढी युवा वैदेशिक रोजगारीको कठोर यात्रामा निस्किन बाध्य भए । अर्कोतर्फ, जनताले रगत-पसिना बगाएर तिरेको करबाट २५ करोड रूपैयाँ निकासा गरेर सहकारी पीडितलाई बाँड्ने प्रपञ्च रचिएको छ । सहकारी ठगहरू बाहिर खुलेआम मोजमस्ती गर्दै हिँड्ने, तर उनीहरूले खाएको पैसा राज्यकोषबाट तिर्नुपर्ने कस्तो विडम्बना हो ? जिबी राईजस्ता मुख्य अभियुक्तलाई पक्राउ गर्न सरकारको लाचारीपन र आफ्ना पार्टी सभापतिलाई सम्पत्ति शुद्धीकरण र संगठित अपराधबाट चोख्याउने खेलले यो सरकारको नियत छर्लंग पारेको छ ।

यातायात क्षेत्रमा पाँच दशकदेखि सिण्डिकेट छ, २० वर्षे पुराना ट्याक्सीको नम्बर प्लेटको कालोबजारी भइरहेको छ, तर नयाँ दर्ता खोल्न सरकार डराउँछ । सबैभन्दा दुःखलाग्दो कुरा त राजधानीभित्रै लाखौं डेरावाल नागरिकहरू घरधनीको चरम आर्थिक शोषणमा परेका छन् । कोठा र सटरको मनलाग्दी भाडा असुलिएको छ । विद्युत् प्राधिकरणलाई प्रतियुनिट नौ रूपैयाँ ४४ पैसा तिर्ने घरधनीले डेरावालसँग १६ देखि ३० रूपैयाँसम्म उठाइरहेका छन् । फोहोर, पानी र इन्टरनेटको नाममा कोठैपिच्छे अतिरिक्त रकम असुलेर व्यापार गरिँदा पनि घरधनीहरूलाई थितिमा ल्याउन वालेन्द्र सरकारको ध्यान गएको छैन ।

१० वर्षे जनयुद्ध र हजारौंको बलिदानबाट आएको लोकतन्त्र र संविधानलाई उपहास गर्दै, नीति तथा कार्यक्रम चलिरहँदा उठेर हिँड्ने र जनसरोकारका विषयमा आँखा चिम्लिने नेतृत्वबाट देशको कायापलट असम्भव छ । दुई महिनामै अर्बौं विदेशी ऋण थप्ने र सुशासनको धज्जी उडाउने यो सरकारले अब जनतालाई आफ्नो कामको श्वेतपत्र दिनैपर्छ । जनताले समयमै यस्ता 'उदारवादी र नयाँ' भनिने नेतृत्वको वास्तविक अनुहार चिन्नु जरुरी छ ।

**- बिना पाठक**
नयाँबजार, काठमाडौं

# अतिक्रमण हटाएर बन्ला त पोखरा बसपार्क ?



**गण्डकी–** पर्यटकीय राजधानी पोखरामा आधुनिक बसपार्क बनाउने योजना ५० वर्षदेखि अधुरै छ । बसपार्कका लागि वि.सं. २०३२ मा अधिग्रहण गरिएको जग्गा उल्टो अतिक्रमणमा परेर साँघुरिँदै गएको छ । पोखरा उपत्यका नगर विकास समितिले बसपार्कका लागि सुरुमा २०५ रोपनी जग्गा अधिग्रहण गरेको थियो । समयमा बसपार्क नबन्दा उक्त जग्गा अतिक्रमणमा परेर अहिले झण्डै ६० रोपनीमामात्र सीमित भएको छ ।

बचेखुचेको जग्गामा पनि व्यवस्थित ढंगले बसपार्क सञ्चालन हुन सकेको छैन । जग्गा अतिक्रमण गरी बनाइएका घरटहराले बसपार्क क्षेत्र ढाकिएको छ । फोहोरको दुर्गन्ध र बिजुलीका जीर्ण पोल त्यसमा लत्रिएका तार अनि धुलाम्मे सडक । पानी जमेका खाल्डाखुल्डी । न व्यवस्थित टिकट काउण्टर न बस राख्ने ट्र्याक । अस्तव्यस्त पार्किङ । पोखरा बसपार्कको अवस्था झल्काउने दृश्य हुन् यी । जीर्ण र अव्यवस्थित बसपार्कले पर्यटकीय राजधानी पोखरालाई गिज्याइरहेको भान मिल्छ ।

पोखरा महानगरपालिका-९ पृथ्वीचोकमा रहेको बसपार्कको जग्गा अतिक्रमण हटाएर सुविधासम्पन्न बसपार्क बनाउन पटक-पटक गरिएको प्रयास सफल हुन सकेको छैन । बसपार्कका लागि अधिग्रहण गरिएको जग्गामा स्थानीयवासी, पुरानो विमानस्थल बनाउँदा सारिएका र सुकुम्बासी परिवारको बसोबास छ । पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको बसपार्कको जग्गा पटक-पटक अतिक्रमणमा पर्दै आएको पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बताए ।

उनका अनुसार बसपार्क क्षेत्रमा बसोबास गरिरहेका ५७५ भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासी परिवारले वडामा विवरण बुझाएका छन् । महानगरपालिकाले यसअघि वितरण गरिएको निस्साको प्रतिलिपि, घरमुली र परिवारका सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, घरमुली र परिवारका अन्य सदस्यको नाता प्रमाणित वा घरमुली आफैंले नाता खुलाएको स्वःघोषणापत्र बुझाउन केही दिनअघि सार्वजनिक सूचना गरेको थियो ।

पोखरा बसपार्कभित्र बसोबास गरिरहेका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको टोल सहजीकरण समितिका संयोजक असिम तामाङले बसपार्कको जग्गा खाली गराउनुपूर्व सुकुम्बासीहरूको उचित व्यवस्थापन हुनुपर्ने बताए । 'महानगरप्रमुखज्यूसँग हाम्रो दुईपटक छलफल भयो, उहाँले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको छानबिन गरी वास्तविक सुकुम्बासीको उचित व्यवस्थापन गरेरमात्र बसपार्क निर्माणको प्रक्रिया अगाडि बढाइने आश्वासन दिनुभएको छ,' संयोजक तामाङले भने ।

बसपार्क निर्माणमा आवश्यक सहयोग र सहजीकरण गर्न आफू तयार रहेको उनको भनाइ छ । पोखरा उपत्यका नगर विकास समितिका पूर्वअध्यक्ष विश्वप्रकाश लामिछानेले सुरुमा अधिग्रहण गरिएको २०५ रोपनीमध्ये पृथ्वी राजमार्गको निर्माणपछि कायम भएको १८७ रोपनी जग्गामै बसपार्क बनाउनुपर्ने बताए । 'बसपार्क क्षेत्रको सबै जग्गामा बसपार्क बनाउनुपर्छ, कसैलाई त्यही राख्ने, कसैलाई हटाउने गर्नु हुँदैन,' उनले भने, 'बसपार्क क्षेत्रमा बसोबास गरिरहेका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको उचित व्यवस्थापन राज्यले गर्नुपर्छ ।'

आफू समितिको नेतृत्वमा छँदा वि.सं. २०६४ मै आधुनिक बसपार्क निर्माणको योजना अगाडि बढाए पनि विविध कारणले बसपार्क बन्न नसकेको उनको भनाइ छ । पर्यटनका माध्यमबाट नेपाललाई अन्तर्राष्ट्रिय जगतमा चिनाएको पोखरामा स्तरीय बसपार्क बन्न नसकेमा स्थानीय यातायात र पर्यटन व्यवसायीको दुखेसो छ । यातायात व्यवसायी योगेन्द्र केसीका अनुसार पोखरा बसपार्क भएर दैनिक झण्डै ३०० सवारी देशका विभिन्न गन्तव्यमा गुड्छन् । गण्डकी प्रदेशको राजधानी पोखरासँग ६३ जिल्ला यातायात सञ्जाल जोडिएको छ ।

बसपार्कमा ढलान, पार्किङ ट्र्याक, यात्रु विश्राम कक्ष निर्माण, शौचालय, खानेपानीलगायत पूर्वाधारको खाँचो छ । यातायात व्यवसायीले पोखरा महानगरपालिका र प्रदेश सरकारसमक्ष पटक-पटक बसपार्क स्तरोन्नतिको माग गर्दै आएका छन् । बसपार्क अस्तव्यस्त भएपछि गाडीले राजमार्ग छेउछाउबाटै यात्रु चढाउने र ओराल्ने गर्छन् । टिकट काउण्टर पनि बाहिरी सडकमा छन् । अहिलेसम्म बसपार्कलाई चाहिने कुनै पनि पूर्वाधार बन्न सकेको छैन । तीव्र सहरीकरण र सवारीसाधनको चापलाई दृष्टिगत गरेर पोखरामा आधुनिक सुविधायुक्त बसपार्क बनाउनुपर्ने आवाज उठ्दै आएको छ ।

बसपार्क नबन्दा ट्राफिक व्यवस्थापन पनि चुनौती थपिएको छ । जथाभावी सवारीसाधन पार्किङ र यात्रु चढाउने/ओराल्ने गर्दा पृथ्वीचोक क्षेत्र अस्तव्यस्त देखिन्छ । कति जग्गा घडेरीका रूपमा बिक्री भयो, कति अतिक्रमणमा पऱ्यो भन्ने यकीन तथ्यांक कुनै निकायसँग छैन । पोखरा महानगरपालिका र नगर विकास समितिले बसपार्क निर्माणको प्रक्रियालाई अगाडि बढाउन अतिक्रमित जग्गा खाली गराउन पहल अगाडि बढाएका छन् ।

महानगरले गत वैशाखमा ४ गते सार्वजनिक सूचनामार्फत बसपार्कभित्रका अतिक्रमित संरचना हटाउन निर्देशन दिएको थियो । ३५ दिने उक्त सूचनाको अवधि शनिबार सकिएपछि पोखरा उपत्यका नगर विकास समितिले शनिबार अर्को सूचना जारी गरेको छ । समितिले पोखरा बसपार्क क्षेत्रभित्र रहेका पसल कबललगायत सबै संरचना १५ दिनभित्र हटाउन निर्देशन दिएको हो ।

पोखरा घरदेखि सेती पुलसम्म, पृथ्वी राजमार्गदेखि दक्षिण, विमानस्थलदेखि उत्तर र पूर्वमा सेती नदी क्षेत्रमा निर्माण गरिएका पसल कबललगायत संरचना हटाई पोखरा बसपार्क निर्माणको प्रक्रियामा सहजीकरण गर्न व्यवसायीहरूलाई सूचित गरिएको हो । तोकिएको मितिभित्र संरचना नहटाएमा समिति आफैंले हटाउने र सो क्रममा लाग्ने लागतसमेत सम्बन्धित व्यक्ति तथा संस्थाबाट असुल उपर गरिने सूचनामा उल्लेख छ ।

समितिले बसपार्क क्षेत्रभित्र लालपुर्जा भएका जग्गाधनीलाई सात दिनभित्र नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, चालु आवको सम्पत्ति/भूमिकर तिरेको रसिद र जग्गासम्बन्धी प्रमाण पुग्ने अन्य कागजात समितिको कार्यालयमा बुझाउन निर्देशनसमेत दिएको छ । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बसपार्कको अतिक्रमित जग्गा खाली गराई बसपार्क निर्माणको प्रक्रियालाई अगाडि बढाइने बताए ।

'भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीका नाममा झण्डै ५०० परिवार बसपार्कको जग्गामा घरटहरा बनाएर बस्नुभएको छ, उहाँहरूको वास्तविक अवस्था छानबिन गर्दै छौं, सुकुम्बासीलाई उचित व्यवस्थापन गर्छौं,' उनले भने, 'बसपार्क बन्नुपर्छ भन्नेमा सर्वपक्षीय र सर्वदलीय सहमति छ, बसपार्कको गुरुयोजना पनि बनिसकेको छ, अतिक्रमित जग्गा खाली गराएर बसपार्क बनाउँछौं ।'

प्रमुख आचार्यले राजनीतिक दल, नागरिक समाज, यसबीचमा भूमिहीन दलित, सुकुम्बासी, अव्यवस्थित बसोबासी, व्यवसायीलगायतसँग जग्गा अतिक्रमण हटाएर बसपार्क बनाउने विषयमा छलफल गरेका छन् । महानगरपालिकाले पोखराको मध्यभाग भएर बग्ने फिर्केखोलाको अतिक्रमित जग्गा पनि आइतबारदेखि खाली गराउन सुरु गरेको छ । पोखरा-१८ अँधेरीकुनादेखि २, ४, ५, ७, ८, १७ हुँदै वडा नं. ६ गाईघाट पुगेर फेवातालमा मिसिने फिर्केखोलाको खोलाघरभित्र पर्ने स्थायी तथा अस्थायी संरचना हटाइने भएको हो ।

यसअघि गत वैशाख ४ गते सार्वजनिक सूचनामार्फत ३५ दिनभित्र फिर्केखोला खोलाघरभित्रका संरचना हटाउन महानगरले सार्वजनिक रूपमा सूचित गरेको थियो । उक्त सूचनाका आधारमा केही व्यक्ति तथा संस्थाले अतिक्रमित संरचना आफैं हटाएका छन् । फिर्केखोलाको खोलाघर क्षेत्रलाई आकर्षक गन्तव्यस्थल बनाउने महानगरको योजना छ । *रासस*

## समयमै निर्माण नसक्दा अलपत्र सडक

### पानी पर्दा हिलाम्मे, नपर्दा धुलाम्मे



**पाल्हीनन्दन (नवलपरासी)–** छिमेकी मित्रराष्ट्र भारतसँग जोडिएको महेशपुर मूल भन्सार सडक निर्माणका लागि पटक-पटक म्याद थपिए पनि निर्माण हुन सकेको छैन । बर्दघाट सुस्ता पश्चिम नवलपरासी महेशपुरबाट हरपुरसम्म एक किलोमिटर र सुनवल बजारको ५०० मिटर सडक निर्माण गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागअन्तर्गत सडक डिभिजन कार्यालय बुटवलले गौरीशंकर हिमालयन कन्स्ट्रक्सन कम्पनीलाई जिम्मा दिएको थियो ।

२०८१ वैशाख २६ गते निर्माण सम्पन्न गर्नेगरी २०८० वैशाख २६ गते सम्झौता गरिएकामा हालसम्म ६५ प्रतिशतमात्र सडकको काम सम्पन्न भएको डिभिजन कार्यालय बुटवलका इन्जिनियर सुशील पौडेलले बताए । उनका अनुसार बिजुलीको खम्बा तथा खानेपानीको पाइप सार्न ढिलाइ भएकाले ठेकेदारले समयमा काम सम्पन्न गर्न सकेको छैन ।

महेशपुर सडकको काम सम्पन्न गर्नका लागि जेठसम्म तेस्रो पटक (अन्तिम) म्याद थप गरिएको इन्जिनियर पौडेलको भनाइ छ । यद्यपि, अलकत्राको मूल्यवृद्धि भएको भन्दै ठेकेदारले अहिले काम बन्द गरेको छ । अलकत्रा अभावको कारण देखाउँदै समयमा काम सम्पन्न गर्न नसकेको गौरीशंकर हिमालयन कन्स्ट्रक्सन कम्पनीका दिलीप लामाले बताए ।

निर्माण व्यवसायीले सडकको काम समयमा नगरेपछि धुलैधुलो भएर घरको आँगनमा बस्न नमिल्ने, यात्रुहरू सडकमा आवातजावत गर्दा नाकमुख छोप्नुपर्ने तथा भारतबाट आउने मालवाहक सवारीहरूलाई आवातजावत गर्न समस्या भइरहेको पाल्हीनन्दन गाउँपालिका-२ का वडाध्यक्ष जगदीश गुप्ताले बताए । उनी भन्छन्, 'समयमै सडक निर्माण हुन नसक्दा पानी नपर्दा धुलाम्मे, पानी पर्दा हिलाम्मे हुने अवस्था छ, जनताले सास्ती पाएका छन् । निर्माण व्यवसायी इमान्दार नहुँदा राज्यको रकम खेर गएको छ भने जनताले दुःख पाएका छन् ।' *रासस*

## मुस्ताङको लोमान्थाङ गाउँपालिकामा कर सेवा सुरु

**मुस्ताङ–** यहाँको उपल्लो मुस्ताङस्थित लोमान्थाङ गाउँपालिकामा कर सेवा सुरु गरिएको छ । गाउँपालिकाको समन्वयमा आन्तरिक राजस्व कार्यालयले सेवा प्रवाह गर्न थालेको हो ।

आन्तरिक राजस्व कार्यालय बागलुङले व्यक्तिगत तथा व्यावसायिक उद्योग दर्तासम्बन्धी जिम्मेवारी लोमान्थाङ गाउँपालिकालाई अख्तियारी दिएको छ । उद्योग तथा व्यक्तिगत व्यवसाय दर्तासम्बन्धी सम्पूर्ण कार्यसम्पादन नेपाल सरकारले गत कात्तिक २९ गतेको निर्णयअनुसार कोष तथा लेखा नियन्त्रण कार्यालय (कोलेनिका) र स्थानीय तहलाई हस्तान्तरण गर्ने योजनाअनुसार आन्तरिक राजस्व कार्यालय बागलुङले मुस्ताङमा पहिलोपटक लोमान्थाङ गाउँपालिकाबाट दर्तासम्बन्धी अख्तियारी हस्तान्तरण गरेको आन्तरिक राजस्व कार्यालय बागलुङका कर अधिकृत राजन गमालले जानकारी दिए ।

यसअघि विभागको परिपत्रअनुसार आन्तरिक राजस्व कार्यालय बागलुङले पर्वतको पैंयु गाउँपालिका, बागलुङको गल्कोट नगरपालिका र म्याग्दीको बेनी नगरपालिकामा कर दर्ता सेवासम्बन्धी सेवा विस्तार गरेको थियो । कर अधिकृत गमालका अनुसार यसअघि व्यक्ति तथा व्यवसाय दर्ताका लागि आन्तरिक राजस्व कार्यालय बागलुङ धाउनुपर्ने अथवा जोमसोम जानुपर्ने अवस्था रहेकामा व्यवसाय दर्ता गर्ने सम्बन्धित व्यक्ति वा व्यवसायीहरूले गाउँपालिकाबाटै व्यवसाय दर्तासम्बन्धी सबै काम गर्न सकिने व्यवस्था मिलाइएको कर अधिकृत गमालको भनाइ छ ।

मुस्ताङमा आन्तरिक राजस्व कार्यालयले यहाँका पाँच स्थानीय तहमध्ये उपल्लो मुस्ताङको लोमान्थाङबाट कर सेवा सञ्चालनमा ल्याएको हो । योसँगै आन्तरिक राजस्व कार्यालयको कार्यक्षेत्र पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङमा कर सेवा विस्तार गर्ने क्रममा लोमान्थाङ गाउँपालिको चौथो स्थानीय तह भएको आन्तरिक राजस्व कार्यालय बागलुङले जनाएको छ । गाउँपालिकामा करदाता सेवा सञ्चालन भएसँगै स्थानीय उद्योगी र व्यवसायी करदातालाई कर दर्तासम्बन्धी सहज भएको छ । सरकारले कर भुक्तानी तथा कर चुक्ता प्रमाणपत्र लिनेलगायतका व्यवस्था 'अनलाइन' प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था गरिसकेको छ ।

उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकामा आन्तरिक राजस्व कार्यालयको कर सेवा हस्तान्तरण भएसँगै स्थानीय व्यवसायीहरूलाई निकै सहज भएको गाउँपालिकाकी उपाध्यक्ष छचुमी बिष्टले उल्लेख गरिन् । व्यवसाय दर्ताका लागि लामो यात्रा र महँगो खर्च गरेर जोमसोम र बागलुङ कार्यालय धाउनुपर्ने बाध्यताको अन्त्य भएको र यसले व्यवसायको समय बचत भएको उपाध्यक्ष बिष्टको भनाइ छ । *रासस*


## भाखा नाघेको कर्जा बुझाउन ल्याउने बारे कृषि विकास बैंक लि.को २१ दिने सुचना

**(सूचना प्रकाशन मितिः. २०८३/०२/११)**

यस बैंकको तपसिलक कार्यालयबाट तपसिल बमोजिमका व्यक्ति तथा संस्थाहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हाल सम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए अनुसारको र कम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनी आलटाल गरी बुझाउनु पर्ने रकम नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम बुझाउन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ र यस बैंकको नियम बमोजिम कर्जा लिंदा बैंक लाई लेखि दिएको धितो लिलाम बिक्री गरी बैंकको सम्पुर्ण लेना रकम असुलउपर गरिने जानकारी गराउदछौ । साथै सो धितोले नपुग भएमा निजको अन्य सम्पत्ति समेत लिलाम गरी असुल गर्ने अधिकार बैंकमा रहेको जानकारी यसै सुचना बाट जानकारी गराउदछौं । साथै निम्न व्यक्तिहरुलाई बैंकबाट कर्जा लिदाअफ्नो सम्पत्तिधितो राख्न मञ्जुरी दिने व्यक्तिलाई समेत यसै सुचनामार्फत जानकारी गराउदछौं ।

**सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि. शाखा कार्यालय मंगलबारे, ईलाम**

| क्र.स | ग्राहकको नाम | ठेगाना | उद्देश्य | बाबू/पति | बाजे/ससूरा | सांवा | २०८३/०१/३१ सम्मको व्याज | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | नर्बदा आचार्य | धुसेनी - ०२ हाल देउमाई न.पा. - ०५ | सरल कृषि कर्जा | पतिः धनप्रसाद आचार्य | ससुराः शशिधर आचार्य | ३००००० | ७९७५.८१ | ३०७९७५.८१ |
| २ | प्रतिभा डिजिटल फोटो स्टुडियो (प्रो. मिना श्रेष्ठ) | मंगलबारे - ०१ हाल देउमाई न.पा. - ०४ | ब्यावसाय कर्जा | पतिः टिका प्र. श्रेष्ठ | ससुराः खड्ग बहादुर श्रेष्ठ | ३०००००० | ५८४३१.०१ | ३०५८४३१.०१ |
| ३ | नरमाया श्रेष्ठ | मंगलबारे १ हाल देउमाई न.पा. - ०४ | सरल कृषि कर्जा | पतिः नरेन्द्र कुमार श्रेष्ठ | बाबुः मदन कु.श्रेष्ठ | ३४२११०.१३ | १०३८७.६७ | ३५२४९७.८ |
| ४ | सन बहादुर लिम्बु | मंगलबारे -०८ हाल देउमाई न.पा. - ०२ | कृषि कर्जा | बाबूः सिंह ब. लिम्बु | बाजेः अनन्तहाङ्ग लिम्बु | १००००० | ५१३४.३१ | १०५१३४.३१ |
| ५ | दुर्गा देबी बाखा फर्म (प्रो. भोल कुमारी अधिकारी) | हाल देउमाई न.पा. - ०४ | सहुलियत कर्जा | पतिः भगीरथ अधिकारी | ससुराः श्यामलाल अधिकारी | ११७०३५४.५ | १११८७१.८४ | १२८२२२६.३४ |
| ६ | कुमार दमाई | मंगलबारे - ०६ हाल देउमाई न.पा. - ०४ | सरल कृषि कर्जा | बाबूः लिला ब. दमाई | बाजेः बम ब.दमाई | २००००० | २३६८१.४८ | २२३६८१.४८ |
| ७ | देब नारायण आचार्य | मंगलबारे ४ हाल देउमाई न.पा. - ०३ सुर्के | सरल कृषि कर्जा | बाबूः श्यामलाल आचार्य | बाजेः धर्मानन्द आचार्य | ५००००० | ५६०६६३९.४ | ५५६०६६.४ |
| ८ | नारायण प्रसाद खत्री | धुसेनी - ०२ हाल देउमाई न.पा. - ०५ | सरल कृषि कर्जा | बाबूः श्री भक्त खत्री | बाजेः मदन ब.खत्री | ९५०००० | २९२६२.४३ | ९७९२६२.४३ |
| ९ | कमल प्रसाद न्यौपाने | मंगलबारे - ०७ हाल देउमाई न.पा. - ०२ | सरल कृषि कर्जा | बाबूः धनपति न्यौपाने | बाजेः चित्रखर न्यौपाने | ५००००० | ७०४७०.२३ | ५७०४७०.२३ |
| १० | टिकाराम बस्नेत | चमैता -७ हाल देउमाई न.पा. - ०२ | सरल कृषि कर्जा | बाबूः भक्त ब. बस्नेत | बाजेः रघुबिर बस्नेत | ३५०००० | ५१८७८.३२ | ४०१८७८.३२ |

**कृषि विकास बैंक लि.**
**असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २९०९०० | प्रति तोला – ० | प्रति तोला – ५०१० |



फेवाताल । पोखराको लेकसाइडस्थित गौरीघाटबाट शुक्रबार देखिएको फेवातालको मनोरम दृश्य । *तस्बिर: राासस*

# सुर्तीजन्य पदार्थमा करको दर बढाउन सांसदको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** सांसदहरूले सुर्तीजन्य पदार्थमा लाग्ने करको दरलाई वृद्धि गर्नुपर्नेमा जोड दिएका छन् । नेपाल विकास अनुसन्धान प्रतिष्ठानले सुर्तीजन्य पदार्थको कर दरका सम्बन्धमा आइतबार यहाँ आयोजना गरेको अन्तरक्रियामा सांसदहरूले सुर्तीजन्य पदार्थको करको दर बढाएर सुर्तीजन्य पदार्थको रोकथाम तथा नियन्त्रण गर्नुपर्ने बताएका हुन् ।

प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिकी सभापति डा. ओजस्वी शेरचनले सुर्तीजन्य पदार्थको करको दर बढाउनुपर्नेमा जोड दिइन् । उनले विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्डमा सुर्तीजन्य पदार्थको करको दर बढाएर सुर्तीजन्य पदार्थको सेवनलाई घटाउन सकिने बताइन् ।

हाल विश्व स्वास्थ्य संगठनले ७५ प्रतिशतसम्म सुर्तीजन्य पदार्थमा करको दर सिफारिस गर्न भनेको छ । तर नेपालमा अहिले सुर्तीजन्य पदार्थमा ४१ प्रतिशतमात्र कर लाग्ने गरेको छ ।

सांसद डा. तोसिमा कार्कीले सुर्तीजन्य पदार्थमा लाग्ने करको दरलाई वृद्धि गरी कम्तीमा ५० प्रतिशत पुऱ्याउनुपर्ने बताइन् । उनले सुर्तीजन्य पदार्थको करबाट उठेको पैसा स्वास्थ्यमा नै खर्च गर्नुपर्ने भनाइ राखिन् । करको दर बढाएर राजस्व संकलनमात्र नभई सुर्तीजन्य पदार्थको उपभोग घटाउनु रहेको उनको भनाइ छ । उनले सरकारले हाल वार्षिक तीनदेखि पाँच प्रतिशतसम्मको सामान्य कर वृद्धि गर्ने गरेको उल्लेख गर्दै त्यसले उपभोक्ताको व्यवहार परिवर्तन नल्याएको बताइन् ।

सांसद डा. चन्द्रसिंह यादवले नसर्ने रोगका कारणले गर्दा मृत्युदर ६६ प्रतिशत रहेको भन्दै सुर्तीजन्य पदार्थको कर बढाएर नसर्ने रोगको जोखिम कम गर्न सकिने बताए । सांसद गुरु बरालले सुर्तीजन्य पदार्थका कर वृद्धिसँग १५ देखि २४ वर्ष उमेर समूहका युवालाई सुर्तीजन्य पदार्थको सेवनबाट टाढा राख्नुपर्ने बताए ।

सांसद भीमकुमार बुढामगर र भरत गिरीले सुर्तीजन्य पदार्थमा गरिने कर वृद्धिलेमात्र उपभोग घटाउन सकिने भन्दै सुर्तीजन्य पदार्थबाट लाग्ने रोग पनि कम हुने बताए ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष शिवराज अधिकारीले सुर्तीजन्य पदार्थको करको दर ५५ प्रतिशत पुऱ्याउनुपर्ने बताए । उनले प्रत्येक वर्ष तीनदेखि पाँच प्रतिशत कर बढिरहे पनि अहिलेको सरकारले सुर्तीजन्य पदार्थको करको दरलाई ५५ प्रतिशत पुऱ्याउनुपर्नेमा जोड दिए । करविज्ञ डा. रूप खड्काले कानुनअनुसार नेपालमा सुर्तीजन्य पदार्थको कर नलाग्ने गरेको उल्लेख गर्दै सरकारले यसपटक कर बढाउनुपर्ने बताए ।

प्रतिष्ठानका सुर्तीजन्य पदार्थको नियन्त्रण कार्यक्रमका संयोजक डा. जयकुमार गुरुङले क्यान्सर गराउने मुख्य कारकतत्व सुर्तीजन्य पदार्थ भएकाले यसको नियन्त्रण गर्न आवश्यक रहेको बताए । उनले सुर्तीजन्य पदार्थको सेवन घटाउनका लागि यसको करमा वृद्धि आवश्यक रहेको बताए ।

# 'बन्द रहेका सरकारी सिमेन्ट उद्योग पुनः सञ्चालनमा ल्याउँछौं'

■ प्रभाव संवाददाता




**बागमती–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले हेटौंडा सिमेन्ट उद्योग बन्द हुनु अत्यन्तै दुःखद भएको बताएकी छन् । लामो समयदेखि आर्थिक संकटसँग जुध्दै आएको उक्त उद्योगको आइतबार निरीक्षण गरेपछि उनले यसलाई पुनः सञ्चालनका लागि अध्ययन भइरहेको जानकारी दिइन् ।

कुनै बेला बन्द हुने र कुनै बेला सञ्चालन हुने नियति भोग्दै आएको उक्त सिमेन्ट उद्योगको अवस्था बुझ्न पुगेकी मन्त्री यादवले उद्योगको निरीक्षणसँगै व्यवस्थापन र कर्मचारीहरूसँग छलफलसमेत गरेकी छन् । 'हेटौंडा सिमेन्ट उद्योग नियमितरूपमा कसरी सञ्चालन गर्न सकिन्छ, त्यस विषयमा हामीले अध्ययन गरिरहेका छौं,' मन्त्री यादवले भनिन्, 'थुप्रै निजी सिमेन्ट उद्योगहरू नियमित सञ्चालन हुने तर सरकारी स्वामित्वको सिमेन्ट उद्योग बन्द हुने यो असाध्यै दुःखद कुरा हो ।' सरकारले हेटौंडा सिमेन्ट उद्योगको समस्यालाई गम्भीरतापूर्वक लिएको र छिट्टै सबै समस्या समाधान गरेर नियमित सञ्चालनको वातावरण बनाउने मन्त्री यादवले बताइन् ।

'उद्योग बन्द हुँदा रोजगारीमात्र गुम्दैन, देशको आर्थिक अवस्थामा पनि असर पर्छ,' मन्त्री यादवले भनिन्, 'त्यसैले जसरी भए पनि सिमेन्ट उद्योगलाई सञ्चालन गर्न सरकार चाहिरहेको छ, यसमा सबैको सहयोग आवश्यक छ ।' सरकार एक्लैलेमात्र चाहेर उद्योग नियमित चल्न नसक्ने भएकाले यसमा व्यवस्थापन र कर्मचारीको पनि त्यत्तिकै सहयोग आवश्यक रहेको उल्लेख गर्दै उनले बन्द अवस्थामा रहेको हेटौंडा सिमन्ट उद्योग नियमित सञ्चालनका लागि सरकार सहयोग गर्न प्रतिबद्ध रहेको बताइन् ।

कार्यक्रममा हेटौंडा सिमेन्ट उद्योगका निमित्त महाप्रबन्धक शिवनारायण साहले मेसिन पुरानो र जीर्ण भएकाले समय-समयमा बिग्रिने र आर्थिक संकटका कच्चा पदार्थको आपूर्ति हुन नसक्दा उद्योग बन्द भएको जानकारी दिए । मेसिनको मर्मतसम्भार गरेर समय-समयमा थोरै भए पनि सिमेन्ट उत्पादन गर्दै आएकामा पछिल्लो समय कच्चा पदार्थको आपूर्ति हुन नसक्दा उद्योग बन्द गर्नुपरेको उनले जानकारी दिए । निमित्त महाप्रबन्धक साहले आर्थिक समस्याका कारण कर्मचारीहरूलाई ११ महिनादेखि तलबभत्ता उपलब्ध गराउन नसकिएको, कच्चा पदार्थ आपूर्तिकर्ताको पुरानो बक्यौता तिर्न नसकेको, बिजुली महसुल भुक्तानी गर्नेलगायत समस्या अवगत गराए । तत्काल देखिएको आर्थिक समस्यालाई समाधान गर्न सकिए उद्योग नियमित सञ्चालन गर्न सकिने उनको भनाइ थियो ।

वि.सं. २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । अहिले उपकरण पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकहरूको भनाइ छ ।

# उत्पादन घट्दा बुटवलमा महँगियो तरकारी

■ दामोदर खनाल

**बुटवल–** बढ्दो गर्मीसँगै तरकारीको भाउ महँगिदा यहाँ तरकारीको व्यापारमा कमी आएको छ । बुटवलको थोक तथा हाटबजारमा तरकारीको भाउसमेत फरक-फरक पाइएको छ । यसले उपभोक्ता मारमा परेका छन् ।

एकातिर राम्रोसँग वर्षा नहुँदा तरकारी उत्पादन घटेको छ भने अर्कोतिर बजार भाउ महँगो भएको छ । बुटवल हाटबजारका तरकारी व्यवसायीहरू महँगीले व्यापार घटेको बताउँछन् ।

पाल्पाको मस्याम तेल्घाका ७० वर्षीय अनबहादुर राना विगत ५० वर्षदेखि बुटवल हाटबजारको चौपारी सेरोफेरोमा तरकारी बेच्दै आएका छन् । उनी प्रत्येक बुधबार र शनिबार पाल्पाको मौसमी बेमौसमी तरकारी लिएर व्यापारका लागि बुटवल हाटबजार आउने गरेका छन् । उनले बजारमा व्यापारको उतारचढाव भए पनि यो हाटबजारमा पहाडी तरकारीको माग राम्रो रहेको जानकारी दिए । वैशाख-जेठको गर्मी होस् वा पुस-माघको ठण्डी नै किन नहोस्, यो बजारमा नियमित पहाडी उत्पादन लिएर आउने गरेको बताउँछन् राना । उनले यो पटकको बजारमा बोडी, सेमी, फर्सी, निउरो, आरूबखडा, आलु, टिमुरलगायतका उत्पादन ल्याएको बताए ।

शनिबार र बुधबार लाग्ने बुटवलको हाटबजारको चौपारीमा पाल्पाको मस्याम दोभान, मदनपोखरा, डुम्रे, तेल्घालगायतका क्षेत्रबाट अर्गानिक तरकारी तथा उपभोग्य वस्तुहरू आउने गर्दछ । चौपारीमा लाग्ने हाटबजारमा पहाडमा उत्पादन भएका तरकारी लिन आउनेहरूको भीडभाड हुन्छ । सुक्खा मौसमसँगै उत्पादनमा आएको कमीले तरकारीको बजार खासै नभएको तरकारी व्यवसायी बताउँछन् ।

विगत ३५ वर्षदेखि बुटवल हाटबजारमा पहाडी तरकारी बेच्दै आएका पाल्पा दोभानका यमबहादुर गाहाले तराईकोभन्दा पहाडको तरकारी अर्गानिक र गुणस्तरीय हुने भएकोले महँगो हुने बताए । अर्का व्यवसायी सुदन सापकोटाले उत्पादन घटबढ हुँदा बजार भाउ पनि सोहीअनुसार परिवर्तन हुने बताए । तराईको तुलनामा पहाडी उत्पादन महँगो हुने उनको भनाइ छ ।

# चीनमा नेपाललाई 'सबैभन्दा आकर्षक पर्यटकीय गन्तव्य' को सम्मान

**काठमाडौं–** चीनको ग्वाङ्झाउमा नेपाललाई 'मोस्ट चार्मिङ टुरिज्म डेस्टिनेसन' अर्थात् 'सबैभन्दा आकर्षक पर्यटकीय गन्तव्य'को सम्मान प्रदान गरिएको छ । चीनको ग्वाङ्झाउमा यही मे २१ देखि २३ सम्म आयोजित ग्वाङ्झाउ अन्तर्राष्ट्रिय पर्यटन मेलामा नेपाललाई सो सम्मान प्रदान गरिएको हो ।

नेपालको प्राकृतिक सौन्दर्य, आध्यात्मिकता, सांस्कृतिक विविधता तथा साहसिक पर्यटनको आकर्षणका आधारमा नेपाललाई उक्त सम्मान प्रदान गरिएको नेपाल पर्यटन बोर्डले जनाएको छ । नेपाल पर्यटन बोर्डले तीनदिने अन्तर्राष्ट्रिय पर्यटन मेलामा 'नेपालः अ लाइफटाइम एक्सपेरियन्स' अर्थात् 'नेपालः जीवनभरको अनुभव' भन्ने नारासहित नेपालको सहभागिता समन्वय गरेको थियो । मेलामा नेपालले सांस्कृतिक, धार्मिक, साहसिक, आउटडोर तथा लक्जरी पर्यटनका विविध सम्भावनाबारे अन्तर्राष्ट्रिय आगन्तुक तथा ट्राभल ट्रेड व्यवसायीलाई जानकारी गराएको थियो ।

चीनको ग्वाङ्झाउ सहर हङकङ तथा ग्रेटर वे एरिया नजिकको प्रमुख व्यापारिक तथा पर्यटन केन्द्र भएकाले नेपाली पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण बजारका रूपमा हेरिएको छ । विशेषगरी वेलनेस, धार्मिक, सांस्कृतिक र लक्जरी पर्यटनका क्षेत्रमा चिनियाँ पर्यटक आकर्षित गर्ने सम्भावना उच्च रहेको नेपाल पर्यटन बोर्डले जनाएको छ ।

मेला उद्घाटनको दिन २१ मे मा नेपाली सांस्कृतिक नृत्य प्रस्तुति तथा गन्तव्य नेपालसम्बन्धी विशेष प्रस्तुति आयोजना गरिएको थियो । उक्त कार्यक्रममा नेपाली कला, संस्कृति र पर्यटन सम्पदाबारे चिनियाँ आगन्तुक तथा पर्यटन व्यवसायीलाई जानकारी गराइएको थियो ।

उद्घाटन सत्रमा नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक विमल कँडेलले नेपालको पर्यटन सम्भावना, गन्तव्य र प्रवर्द्धन रणनीतिबारे 'कन्ट्री प्रेजेन्टेसन' दिएका थिए । उनले नेपालको पर्यटन बजार विस्तार रणनीतिबारे आयोजित प्यानल छलफलमा सहभागिता जनाएका थिए ।

उक्त मेलामा नेपालका आठ पर्यटन व्यवसायी कम्पनी सहभागी भएका थिए । सहभागी कम्पनीहरूले ट्रेकिङ, भ्रमण, होटल तथा आतिथ्य सेवासम्बन्धी प्याकेजहरूबारे चिनियाँ तथा अन्तर्राष्ट्रिय पर्यटन व्यवसायीलाई जानकारी गराएका थिए । *रासस*

मुख्यमन्त्री पाण्डेको प्रतिबद्धता

# बजेटमार्फत कर प्रणालीमा सुधार गरिने

**कास्की (प्रस)–** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत उद्योगी र व्यवसायीलाई मर्का पर्ने खालका विद्यमान नीति र कर प्रणालीमा सुधार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।



गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयद्वारा आइतबार यहाँ आयोजित 'समृद्ध प्रदेशका लागि प्रदेश सरकार र निजी क्षेत्र अन्तरसंवाद' कार्यक्रममा उनले कुन नीतिले काम गर्न अप्ठ्यारो भयो भन्ने विषयमा सुझाव दिन आग्रह गरे । 'गण्डकी प्रदेशमा सञ्चालन गर्न आएका उद्योगहरू बाहिर जान हुँदैन, लगानी आकर्षित गर्न सरकारले अभिभावकीय भूमिका खेल्छ,' उनले भने, 'निजी क्षेत्रका उद्योग वृद्धि र प्रोत्साहन गरेमात्र राज्यले आय वृद्धि हुन्छ ।'

गण्डकी प्रदेशको विशिष्टतालाई ध्यानमा राख्दै सरकारले पहाडी भेगका लागि फरक खालका कानुन बनाउन लागेको उनको भनाइ थियो । पहाडी क्षेत्रको बाँझो जमिन उपयोग गर्न र स्थानीयलाई स्वरोजगार बनाउन घरेलु मदिराको 'ब्राण्डिङ' र गाँजाखेतीलाई कानुनी मान्यता दिने प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी उनले दिए ।

पर्यटन र पूर्वाधारको क्षेत्रमा ठूलो लगानी भित्र्याउन प्रदेश सरकारले आगामी बजेटपछि लगानी सम्मेलन गर्ने तयारीका साथै निजी क्षेत्रसँगको सहकार्यमा लगानीका क्षेत्रहरूको पहिचान गरिने उनको भनाइ थियो ।

आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले गण्डकी प्रदेशको समृद्धिमा पर्यटन र कृषि उद्योग नै मुख्य आधार भएकाले प्रदेश सरकारले ती उद्योगलाई पहिलो प्राथमिकतामा राख्ने बताए । आगामी आवको बजेट लगत्तै गण्डकी प्रदेशमा लगानी सम्मेलन गर्ने तयारीमा रहेको जानकारी मन्त्री शेरचनले दिए ।

पूर्वउद्योग तथा जलस्रोतमन्त्री हरि पाण्डेले प्रदेश सरकारले निर्बाधरूपमा उद्योग सञ्चालन गर्ने वातावरण सिर्जना गरेको खण्डमा गण्डकी प्रदेशमा उद्योग सञ्चालन बढ्ने धारणा राखे । त्यस अवसरमा उद्योगी तथा व्यवसायीहरूले लगानीमैत्री वातावरण निर्माण गरिए थप लगानीका लागि आफूहरू तयार भएको बताएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ